# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं भाद्र २५ गते ०८ साल

## भाग ४

## वीरगञ्जमा ट्रेक्टर प्रदर्शनीको आयोजना

### खाद्य कृषिमन्त्रालयको विज्ञप्ति

नेपाल कृषिको उन्नति र बही खाद्यान्नको उत्पादन गर्ने आन्दोलन ( ग्रोमोरफुड क्याम्पियन ) लाई प्रोत्साहन प्रदान गर्नाको लागि सरकारले उन्नत कृषिका हात-हतियार र सामान उचित मूल्यमा उत्साही कृषक र जिमीन्दारहरुलाई चाँडो प्राप्त हुने प्रबन्धतर्फ ध्यान दिइरहेको छ, तराईप्रान्तका सबै जिल्लाहरुमा खेतीयोग्य बनाउन हुने वन्जर भूमि ( कल्टिमे वलवेष्ट लाएड ) खेतीयोग्य गराउन ठूलठूला तेसै खेर गैरहेका आवादी लायकका प्लटहरुबाट अन्न उपजाउन र ठूलो पैमानामा खेती गर्नको लागि ट्रेक्टरबाट पाइने सुविधाको ख्याल राख्दै कृषिविभागबाट ट्रेक्टर र त्यससम्बन्धी हातहतियारको प्रदर्शन वीरगञ्जमा यही आउँदो आश्विन १०, ११, १२ गते तदनुसार सेप्टेम्बर २६,२७,२८ तारिखका दिन हुने भएको छ। यो प्रदर्शनमा निम्नलिखित कुराहरू कृषकवर्ग र जमीन्दारवर्गलाई देखाइनेछन्:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१ ट्रैक्टर र त्यसमा लाग्ने हातहतियार र ती हातहतियारको काम, ट्रैक्टरले जोत्ने खन्ने डल्ला फोर्ने इत्यादि काम देखाइनेछ ।

२ जिमीन्दार र कृषकवर्गलाई ट्रैक्टरका मोल, ट्रैक्टरका काम गराइ र अरु ट्रैक्टर-सम्बन्धी सबै कुराहरुको जानकारी प्राप्त गराइनेछ ।

३ ट्रैक्टरले हाम्रो तराईका फाल्तु परिरहेका बन्जर भूमि खेतीयोग्य गराई ती भूमिबाट विविध फसलहरु उब्जाई कसरी खाद्यान्नको समस्या हल गर्न सकिन्छ, यसबारेमा कृषकवर्ग तथा तराईका जिमीन्दारहरुलाई सबै यथार्थ बुझाइनेछन् ।

यो ट्रैक्टरको प्रदर्शन गर्ने काम एक एजेन्सीको जिम्मामा दिइएको छ । त्यो एजेन्सीले प्रदर्शन गर्ने र अरु माथि लेखेबमोजिम सबै काम गरी देखाइने भएको ।

## उ र जिमीन्दार र कृषकवर्गलाई
## अनुरोध

उत्साही कृषकवर्ग र जिमीन्दारहरूलाई कृषिविभागले यो अनुरोध गर्दछ कि, यो सरकारले प्रबन्ध गरेको मौकामा पूर्वतराई र पश्चिमका जिल्लाहरूका उत्साही जिमीन्दार, कृषकवर्गहरू र अरू यसमा दिलचस्पी लिने सबै व्यक्तिहरूले यो ट्रैक्टर प्रदर्शनीलाई एक सफलमेला बनाई बञ्जर भूमिलाई लहलहाउँदो गर्न सरकारलाई सहयोग दिनुहोला ।

## प्रदर्शनीमा आउनुहुने आगन्तुकलाई
## सुविधा

पूर्व र पश्चिम जिल्लाहरूबाट आउनुभएका किसानवर्ग र जिमीन्दारवर्गलाई वीरगञ्जमा बस्न धर्मशाला र होटेलमा प्रबन्ध गरिने भएको छ।

पूर्व र पश्चिमका उत्साही किसान जिमीन्दार र अरू उत्साही व्यक्तिले प्रदर्शन हेर्न आउने सूचना कमसेकम १ हप्ताअगाडि वीरगञ्ज गोस्वारामा पठाउनुहोला । जसबाट बस्नको लागि ठाउँको प्रबन्ध अगावै हुन जाओस् ।

खाद्य तथा कृषि मन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।